स्वास्थ्य चौकी | बाँकेको राप्तीसोनारी-४ खयरभट्टी गाउँमा रहेको स्वास्थ्य चौकी । जहाँ महिनौंसम्म पनि स्वास्थ्यकर्मी पुग्दैनन् । तस्बिर : रासस

भूमि व्यवस्थापन वैज्ञानिक नभएको निष्कर्ष

■ प्रभाव संवाददाता

काठमाडौं– मुलुकको भूमि व्यवस्थापनमा वैज्ञानिक विधि नअपनाइएको विज्ञहरूले बताएका छन् । देशका कुल पाँच प्रतिशत जमीन्दार तथा धनाढ्य र भूमाफियाको कब्जामा रहेको जमीन सरकारको स्वामित्त्वमा ल्याई गरी खाने किसानलाई वितरण नगरेसम्म देशको आर्थिक समृद्धि हासिल हुन नसक्ने र यसअघि गरिएको भूमी सुधार पनि वैज्ञानिक नभएको उनीहरूको निष्कर्ष छ ।

आइतबार नेपाल वैकल्पिक अध्ययन समाजले 'नेपालमा भूमिसुधारको सम्बन्ध र औचित्य' विषयक विचार गोष्ठीमा सहभागी वक्ताहरूले नेपालको कुल जनसंख्याको ५५.६ प्रतिशत महिला कृषि पेसा तथा १३.५ प्रतिशत महिला पूर्वाधार निर्माणमा सक्रिय रहे पनि उनीहरूसँग जग्गा जमीन नरहेकाले आर्थिक रूपमा निक्कै कमजोर भएको बताए । नेपालका ८० प्रतिशत मानिस कृषि पेसामा संलग्न रहे पनि खाद्यान्नको आयात बढोत्तरी भएकाले कृषि क्षेत्रको सशक्तीकरण गर्नुपर्ने उनीहरूको भनाइ थियो ।

भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्रालयका सचिव गोपिनाथ मैनालीले भूमि व्यवस्थापनको असमानताका कारण धेरै जग्गा बाझो रहेको उल्लेख गर्दै सरकारको तथ्यांकमा ३४२ संस्थाले हजारौं रोपनी तथा लाखौं कित्ता जग्गा भाडामा लिएको पाइएको बताएका छन् । उनले ०२१ देखि नेपालको भूमि व्यवस्थापनको गन्तव्य के हो भन्ने स्पष्ट नभएको उल्लेख गरे ।

भूमि प्रशासनभित्र कमलरी, हरूवाचरुवाको समस्या जिउँदै रहेकाले ७० लाख मानिस विदेशमा कामका लागि बाहिरिएका उनको भनाइ थियो । चीन र भियतनाममा ३० वर्षसम्म जग्गा भाडामा दिने व्यवस्था रहेको र बेलारुसमा पनि जग्गाको उचित व्यवस्थापन रहेको जानकारी उनले दिए ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै राजनीतिक विश्लेषक हरि रोक्काले सरकारले 'समृद्ध नेपाल, सुखी नेपाली'को नारा तय गरे पनि कृषि क्षेत्रमा भूमिसुधार गरी आर्थिक रूपमा समृद्ध गरी समाजवादमा पुग्ने मूल मुद्दा ओझेलमा परेको बताएका छन् ।

भूमिसुधार सम्बन्धी थुप्रै आयोग बनेका, वर्ग संघर्ष, भूमि व्यवस्थापन, जग्गाको हदबन्दी लगाई किसानलाई वितरण गर्ने कुरा ओझेलमा परेको भन्दै वक्ताहरूले अझै जग्गा गैरउब्जाउका रूपमा जमीन्दारको हातमा रहेको उल्लेख गरे ।

नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षत्रीले नेपालमा भूमिको स्वामित्त्वका विषयमा सुधार गरी काम गर्ने किसानको हातमा जग्गा पुगेमा मात्र देशमा कृषि उत्पादन बढ्ने बताएका छन् । नेपालको भूमि कुनै एक सामन्तीको सम्पत्ति नभएको र यो प्राकृतिक देन भएकाले भूमिसम्बन्धी छुट्टै अध्ययन हुनुपर्ने औंल्याउँदै उनले भूमि वितरणसम्बन्धी अन्यायपूर्ण वितरण व्यवस्था अन्त्य गर्नुपर्नेमा जोड दिए ।

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का नेता हरिबोल गजुरेलले नेपालमा राजनीतिक परिवर्तन भए पनि सत्ताको स्वरूप र राज्यको स्वरूपमा कुनै परिवर्तन नभएकाले कृषिमा प्राथमिकता हुनुपर्ने बताए ।

विपद् प्रतिकार्य अभ्यास

■ प्रभाव संवाददाता

पोखरा– पोखरामा विपद् प्रतिकार्यको अभ्यासको कार्यक्रम सुरु भएको छ । नेपाली सेना र युस आर्मी प्यासिफिकको संयुक्त आयोजनामा आइतबारदेखि विपद् प्रतिकार्य अभ्यास र सहयोग आदानप्रदान कार्यक्रम सुरु भएको हो ।

कार्यक्रमबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा नेपाली सेनाका विपद् व्यवस्थापन निर्देशनालयका निर्देशक सहायक रथी जितबहादुर गुरुङले अमेरिका, बेलायत, थाइल्याण्ड, मङ्गोलिया, श्रीलङ्का, बङ्गलादेशलगायत विभिन्न १३ राष्ट्रका प्रतिनिधिलाई आमन्त्रण गरिएको जानकारी दिएका छन् ।

उनका अनुसार 'सप्ताहव्यापी कार्यक्रममा विपद् व्यवस्थापन' विषयक प्रस्तुति, समूहगत छलफलका साथै विपद् प्रतिकार्यका विभिन्न अभ्यास गरिनेछ । नेपाली सेना र युएस आर्मी प्यासिफिकको सहकार्यमा सन् २०११ देखि हालसम्म चार

वटा विपद् प्रतिकार्य अभ्यास र सहयोग आदानप्रदान कार्यक्रम भएको जानकारी दिँदै उनले प्रादेशिक संरचनामा पहिलोपटक पोखरामा यस किसिमको अभ्यास गर्न लागिएको बताए ।

युएस आर्मी प्यासिफिकका मेजर जोनाथन सायरले कार्यक्रमबाट विपद् जोखिम न्यूनीकरणमा महत्वपूर्ण सहयोग पुग्ने धारणा राख्नुभयो । यस अभ्यासमा सरोकारवाला निकायका प्रतिनिधिसहित कुल २२० जना प्रतिनिधि सहभागी हुने आयोजकले जनाएको छ । कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री हरिबहादुर चुमानले भौगोलिक अवस्थितिसमेतका आधारमा नेपाल प्राकृतिकरूपमा विपद् जोखिमयुक्त क्षेत्र भएको बताउँदै यहाँका सम्भावित जोखीम न्यूनीकरणमा यस किसिमका अभ्यास उपयोगी बन्ने विश्वास व्यक्त गरेका छन् ।

नेपालले ०७२ मा ठूलो भूकम्पको प्रकोप व्यहोरेको र त्यसका कारण सामाजिक, आर्थिक क्षेत्रमा ठूलो असर परेको उल्लेख गर्दै उनले प्रादेशिकस्तरमा गरिएको यो प्रतिकार्य अभ्यासको कार्यक्रम उपलब्धिपूर्ण बन्ने विश्वास व्यक्त गरे ।

नेपाली सेनाका बलाध्यक्ष रथी गौरव तण्डुलले संयुक्तरूपमा गरिने यस किसिमका प्रतिकार्य अभ्यासले विपद् जोखिम न्यूनीकरण एवं व्यवस्थापनमा महत्वपूर्ण सहयोग पुऱ्याउने बताए ।

नर्सहरूको अनशन अन्त्य

■ प्रभाव संवाददाता

भक्तपुर– भक्तपुरस्थित सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा जारी नर्सहरूको अनशनको अन्त्य भएको छ । आन्दोलनरत नर्स र अस्पताल प्रशासनबीच आइतबार सहमति भएपछि १० दिनदेखिको आमरण अनशनमा बसेकी नर्स दिक्की शेर्पा र बिपी स्मृति अस्पताल बसुन्धरामा अनसनरत् नर्स जिता बरालले अनशन तोडेका हुन् ।

प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डा.पुकारचन्द्र श्रेष्ठ र आन्दोलनरत नर्सका तर्फबाट रविता सितिखु, प्रविना कार्की र सजना देउलाबीच जिल्ला प्रशासन कार्यालय भक्तपुरमा सहायक प्रमुख जिल्ला अधिकारी दिलीप लामिछानेको नेतृत्वमा नेपाल नर्सिङ संघकी अध्यक्ष तारा पोखरेल र नेपाल शेर्पा महिला संघकी अध्यक्ष डिमी शेर्पाको रोहवरमा सहमति भएको हो ।

सहमतिमा केन्द्रमा करारमा रहेको स्वास्थ्यकर्मी तथा कर्मचारीलाई स्थायी गर्न स्वास्थ्य मन्त्रालयबाट नियमावलीको आधारमा शुरुमा प्राविधिक तर्फका पदको विज्ञापन गरि परीक्षा सञ्चालन गर्न र प्रशासन तर्फको विज्ञापन एवं परीक्षा सञ्चालन गर्न सम्बन्धित निकायलाई आग्रह गर्ने सहमति भएको छ ।

त्यस्तै यस केन्द्रका लागि आइसियू तथा युरोलोजी विभाग लोकसेवा आयोगको परीक्षा सञ्चालन हुनुअगावै स्थापना गरी सेवा विस्तार गर्ने, त्यसपछि कार्डियोलोजी, हेपाटोलोजी विभागको स्थापना गर्ने, परीक्षा सञ्चालन गर्दा करारमा रहेका स्वास्थ्यकर्मी तथा कर्मचारीको उमेर वा अरु कुनै कारणले नियुक्ति नपाएमा खाइपाइ आएको करार नियुक्तिलाई निरन्तरता दिने सहमति भएको छ ।

नेपाल सरकारको स्वास्थ्य ऐन तथा श्रम ऐनसँग बाझिएका यस केन्द्रका नियमावलीलाई परिमार्जन एवं संशोधन गर्न स्वास्थ्यकर्मी तथा कर्मचारी सहभागी कार्यदल गठन गरि संशोधनका लागि केन्द्रको बोर्ड बैठकमा पेश गर्ने सहमति भएको छ ।

लोकसेवाको मौखिक अन्तवार्ताको निष्पक्षताका लागि लोकसेवा आयोगबाटै अन्तर्वार्ताका लागि आह्वान गर्ने, परीक्षा आगामी कात्तिक महीनाको तिहारपछि सञ्चालन गर्न केन्द्रसमेतले सम्बन्धित निकायलाई अपिल गर्ने, केन्द्रमा तत्काल नर्सिङ डाइरेक्टर करारमा नियुक्ति गरी स्थायी प्रक्रिया अगाडि बढाउने, केन्द्रको भौतिक विकास तथा सेवा सुविधा साथै स्तर उन्नतिका लागि सम्बन्धित निकायमा पहल गर्ने सहमति भएको छ ।

चोरीमा संलग्न २ जना पक्राउ

पर्वत(प्रस)– पैयु गाउँपालिका-६ स्थित चेत कुमारी आलेको घरमा कोही नभएको मौका पारी चोरी गर्ने कार्यमा संलग्न २ जनालाई ईलाका प्रहरी कार्यालय हुवास पर्वतबाट खटिएको प्रहरीले शुक्रबार पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा पैयु गाउँपालिका-६ बस्ने ३६ वर्षीय नारायण आले र २६ वर्षीय सोम राना रहेका छन् । उक्त घरको दराज तोडफोड गरी चोरी गरेको रानीहार १ थान, बटारे बाला १ थान, छापे औठी १ थान, चन्द्रमा १ थान, झुम्का २ थान, विन्दिया १ थान, वेरुवा औठी १ थान र सिक्री १ थान अभियुक्त नारायण आलेको घरको शौचालयमा लुकाई राखेको अवस्थामा फेला परेको छ ।

नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
प्रदेश नं. ३, नेपाल

दरभाउपत्र स्वीकृत गर्ने आशय पत्र जारी गरिएको

प्रकाशित मितिः २०७६/०२/०६

प्रस्तुत विषयमा यस नमोबुद्ध नगरपालिकाद्धारा आ.व. ०७५।७६ मा कम्प्युटर, ल्यापटप तथा प्रिन्टर खरिदका लागि मिति २०७६।०१।२६ मा आर्थिक अभियान राष्ट्रिय दैनिकमा दोश्रो पटक सूचना प्रकाशित गरि मिति २०७६।०२।०२ गतेको १२:०० बजे सम्म दर्ता भई १३:०० बजे खोलुवा भएका सिलबन्दी दरभाउपत्रहरु मध्ये **श्री मेघाटेक ट्रेड ग्रुप, घण्टाघर, काठमाडौं**ले पेश गरेको दरभाउपत्रमा मु.अ.कर सहित रु. १०,२३,६६७।०० (अक्षरुपी दश लाख तेइस हजार छ सय सत्सट्ठी रुपैयाँ मात्र) कबोल गरेको अंक यस नगरपालिकाद्धारा स्वीकृत गरिएकाले सार्वजनिक खरिद नियमावली नियम (८४) उपनियम (१०) बमोजिम तपाईको दरभाउपत्र स्वीकृतिको लागि छनौट गर्ने निर्णय भएकाले यो आशयको सूचना प्रकाशित गरिएको छ ।

प्रमुख प्रशासकिय अधिकृत

संग्रहालय सञ्चालन र नियमन गर्न कानुन आवश्यक

■ प्रभाव संवाददाता

काठमाडौं– संग्रहालय सञ्चालन र नियमनका लागि कानुन निर्माण गर्नुपर्नेमा जोड दिइएको छ । आइकम नेपाल राष्ट्रिय समितिले ४१औं अन्तर्राष्ट्रिय संग्रहालय दिवसका अवसरमा यहाँ आयोजना गरेको गोष्ठीमा सहभागीले संग्रहालय सञ्चालन गर्न कानुन निर्माणसँगै प्रत्येक प्रदेशमा संग्रहालय स्थापना गर्नुपर्ने बताए । नेपाल प्रज्ञाप्रतिष्ठानका उपकुलपति जगमान गुरुङगले संग्रहालयको विकास र व्यवस्थापन गर्न सके पर्यटकको माध्यमबाट सरकारको 'समृद्ध नेपाल सुखी नेपाली' को नारासाकार हुने धारणा राखेका छन् । कार्यपत्र प्रस्तुत गर्दै प्राकृतिक विज्ञान संग्रहालय स्वयम्भूका पूर्वप्रमुख डा.धर्मराज डंगोलले नेपालमा धेरै विविधता रहेकाले विभिन्न किसिमका जातीय संग्रहालय, बाल संग्रहालय र राष्ट्रिय स्तरका संग्रहालय स्थापना गर्नुपर्नेमा जोड दिए ।

पाटन संग्रहालयका सूचना अधिकारी सुरेशमान लाखेले हाल नेपालमा साना ठूला गरी करीब चार सय संग्रहालय रहेको जानकारी दिँदै त्यसको व्यवस्थापनका लागि पनि कानुन निर्माणमा जोड दिनुपर्ने धारणा राखेका छन् ।

गोर्खा संग्रहालयका प्रमुख नवराज अधिकारीले हालसम्म नेपालमा संस्था दर्ता ऐनअनुसार संग्रहालय सञ्चालन हुने गरेकाले यसको लागि जति सक्दो छिटो छुट्टै कानुन निर्माण गर्नुपर्ने बताएका छन् । आयोजक संस्थाका अध्यक्ष विजयकुमार शाहीले विद्यालयस्तरमा पनि संग्रहालयबारे जानकारी दिनका लागि छुट्टै कक्षा सञ्चालन गर्नुपर्ने माग गरे ।

सन् १९७७ मे १८ मा हरेक वर्ष अन्तरराष्ट्रिय संग्रहालय दिवस मनाइँदै आएको छ । नेपलमा यसको स्थापना ८ भदौ ०७३ मा भएको हो ।

सुनकोशी गाउँपालिकाको कार्यालय
रामटार, सिन्धुली
बोलपत्र स्वीकृत गर्ने आसयको सूचना
(सूचना प्रकाशित मिति २०७६/०२/०६)

मिति २०७५/१२/२२ गते नयाँ पत्रिका दैनिकमा प्रकाशित बोलपत्र आह्वान गरिएको सूचना अनुसार पर्न आएका बोलपत्रहरू मध्ये निम्न अनुसारको कार्यको लागि निम्न अनुसारको बोलपत्रदाताको बोलपत्रहरू न्यूनतम मूल्याङ्कीत सारभुत रूपमा प्रभाव ग्राही देखिएको हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) वमोजिम स्वीकृतीको लागि छनौट गरिएकोले सोहि ऐनको दफा २७ (२) र दफा ४७ को प्रयोजनको लागि सम्वन्धीत सबै बोलपत्रदाताहरूलाई जानकारी गराइन्छ ।

ठेक्का नं.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक
W/NCB/ 14/075-76	सुनकोशी गाउँपालिकाको वडा नं. ३ र ५ मा ग्रामीण विद्युतीकरण गर्ने कार्य	श्री मजदुर शेराकाली जे. भी. काठमाडौं	रु. १४६८५७६२/५५ (मू.अ.कर समेत)

प्रारम्भिक वाताबरणीय परिक्षण मस्यौदा प्रतिबेदनमा राय सुझाब उपलब्ध गराउने सम्बन्धमा सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिती २०७६।०२।०६ गते)

जाजरकोट जिल्ला भेरी नगरपालिकामा अवस्थित तर्पशिलका सातवटा सामुदायिक वनमा खोटो संकलन सम्वन्धि प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन मस्यौदा प्रतिवेदन वन तथा भू-संरक्षण विभाग वाट स्विकृत कार्यसुची (ToR) अनुसार तयार भएको छ । उक्त प्रस्ताव कार्यान्वयन गर्दा बाताबरण तथा स्थानिय वासिन्दामा पर्न सक्ने प्रभाव न्युनीकरण गर्ने उपाय तथा सो मस्यौदा प्रतिवेदनमा राय सुझाव भए १५ दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी उपलब्ध गराईदिन हुनमा लागी बातावरण संरक्षण नियमावली २०५४ को नियम ७ (२) अनुसार यो सूचना प्रकाशित गरिएको छ । यस बमोजिमको राय सुझाव वन तथा भू संरक्षण विभाग बबरमहल, प्रदेश वन निर्देशनालय सुर्खेत तथा सम्वन्धित डिभिजन वन कार्यालय जाजरकोट मा पनी पठाउन सकिनेछ । उक्त प्रस्तावको मस्यौदा प्रारम्भिक बातावरणीय परिक्षण प्रतिवेदन अध्ययन गर्न वा आफैले उतार गरी लैजानका लागी डिभिजन वन कार्यालय जाजरकोट, नगरपालिकाको कार्यालय तथा प्रस्तावको कार्यालयमा राखिएको व्यहोरा अनुरोध गरिन्छ ।

प्रस्तावक
१. मेहेले सा.व.उ.स. भेरी नगरपालिका- १० जाजरकोट
२. पिपल चौतारी सा.व.उ.स. भेरी नगरपालिका- ८ जाजरकोट
३. दामाचौर सा.व.उ.स. भेरी नगरपालिका- १० - जाजरकोट
४. भैरव सा.व.उ.स. भेरी नगरपालिका- ६, जाजरकोट
५. रानीचौर सा.व.उ.स. भेरी नगरपालिका- १० जाजरकोट
६. कालिका सा.व.उ.स. भेरी नगरपालिका- ८ जाजरकोट
७. साल टाकुरा महिला हरियाली सा.व.उ.स. भेरी नगरपालिका- ५ जाजरकोट

सहयोग गर्ने
श्री एभरेष्ट हर्ब्स रोजिन एण्ड टर्पेन्टाइन इन्डष्ट्रिज प्रा.लि.तिलोत्तमा-१६,रुपन्देही

Province Government
Ministry of Physical Infrastructure Development
Karnali Province
Transport Infrastructure Directorate

Infrastructure Development Office
Jumla

Invitation for Bids for Procurement of Fabricated Steel Parts for Trail Bridges

Invitation for bid (IFB) No: 03/075-076
First Date of Publication: 2076/02/06 *(20th May, 2019)*

1. Infrastructure Development Office, Jumla invites sealed bids from registered fabricators for Supply and Delivery of fabricated steel parts at respective locations/road head for following Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.

Contract ID Number	Description of Work (Fabrication Package)	Estimated Amount, NRs (Excluding VAT)	Bid Security Amount (NRs.)	Bid Document Fee (NRs)
IDO/JUM/G/NCB/19/ 075-076	**Supply and Delivery of fabricated steel parts for 1. Tharpibada Steel TrussBridge, Jumla 2. Tipghat Suspended Bridge, Kalikot 3. DamriKhola Suspended Bridge, Kalikot 4. Ghotpol Suspended Bridge, Mugu**	**54,71,646**	**1,70,000**	**3,000**

2. Bid validity and Bid security validity period for bids shall be 90 days for & 120 days respectively from bid opening date.
3. Eligible fabricator may refer complete set of Bid document for further information at Infrastructure Development Office, Jumla mobile no: 9858321167 or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp
4. Fabricators shall have the option of submitting their bids electronically only. Submission of hard copy bids shall not be entertained.
5. Matters not covered in this notice shall be accordance with prevailing rules and regulations of GoN.
6. Any amendments in this tender notice will be posted in the notice board of Infrastructure Development Office, Jumla or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp

Office Chief